# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

स्याङ्जा ४ नं प्रदेश,नेपाल

२०७३

**शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी १५ दिने सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७४/०७/०२ )**

यस कार्यालयको कार्यालय भवनमा CCTV जडान गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त, मुल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक उत्पादक कम्पनी, वा आधिकारिक बिक्रेताबाट निम्न बमोजिम्को शर्त पालना गर्ने गरी रित पूर्वकको गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात यो सूचना प्रकाशित भएको मिति २०७४/०७/०२ देखि मिति २०७४/०७/१६ सम्म न.पा.कार्यालयको राजस्व शाखाबाट फिर्ता नहुने गरि रु. १०००। (अक्षरुपी एक हजार मात्र) बुझाई चालु आ.ब.को लागि नविकरण भएको आपूर्ति कर्ताको फर्म दर्ता इजाजतपत्र, स्थायी लेखादर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र,अध्यावधिक कर चुक्ता प्रमाण पत्र ( सम्बन्धित कामको इजाजतपत्र प्रमाणहरुका प्रमाणीत प्रतिलिपी) र सक्कल अख्तियारनामा सहित निवेदन दिई कार्यालयबाट कार्यालय समयभित्र खरीद गर्न सक्नेछ ।

२. सिलबन्दी दरभाउपत्र मिति २०७४/०७/१७ गते दिनको १२:०० बजे सम्ममा कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । दरभाउपत्र दर्ता भएको सोहीदिनको २:०० बजे दरभाउपत्र दाता वा नीजको अख्तियार प्राप्त प्रतिनिधीको उपस्थिति/अनुपस्थितिमा कार्यालयमा खोलिने छ ।

३. सिलबन्दी दरभाउपत्र खरिद,दाखिला एवं खोलिने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट सरेको मानिने छ ।

४. सिलबन्दी दरभाउपत्र साथ दरभाउपत्रको तल उल्लेखित जमानत(विडबण्ड) वापतको रकम ने. बै. लि. स्याङजामा रहेको यस कार्यालयको धरौटी
खाता नं.२२१ ग-३/०७२०३०००००००००३००००००९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा घटीमा ७५ दिन म्याद भएको नेपाल राष्ट्रबैंक
बाट मान्यता प्राप्त बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैक जमानत पत्र (बिडबण्ड)अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।
दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुने छ ।

५. तीन भन्दा कम शिलबन्दी दरभाउपत्र पेश हुन आएमा सो सम्बन्धी कुनै कारबाही नगरी पुन दोस्रो पटक सूचना प्रकाशन गरिने छ ।

६. स्पेशिफिकेशन यस कार्यालयबाट दरभाउपत्र साथमा उपलब्ध गराइने छ । स्पेशिफिकेशन अनुसार प्राप्त नभएका दरभाउपत्र माथि कार्यालयले
कुनै कारवाही गर्ने छैन ।

७. सिलबन्दी दरभाउपत्रमा शर्त रहित केरमेट नभएको कार्यालयले उपलब्ध गराएको सिलबन्दी दरभाउपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कारवाही हुने छैन ।
फ्याक्स, टेलिग्राम वा इमेलबाट प्राप्त दरभाउपत्र फारामलाई मान्यता दिईने छैन ।

८. सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजातहरुको प्रत्येक पानामा दरभाउपत्र दाताले दस्तखत गरी उत्पादक कम्पनी, वा आधिकारीक विक्रेताको छाप लगाउनु पर्नेछ। शिलबन्दी दरभाउपत्रमा दररेट (मु.अ.कर बाहेकको) अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। केरमेट भएकोमा स्पष्टसँग दस्तखत भएको हुनु पर्नेछ।

९. शिलबन्दी दरभाउपत्र सम्बन्धि कागजातमा देहायका प्राविधिक पक्षको मूल्यांकनका आधारमा स्पष्ट खुलाइ पेश गर्नुपर्नेछ। सो कागजात पेश गर्दा अनिवार्य रुपले निम्न लिखित मूल्यांकनका लागि आवश्यक आधारभुत कागजातहरुको प्रतिलिपी सहित सो सम्बन्धी विवरण फारम पूर्ण रुपमा भर्नुपर्नेछ।

क) सम्बन्धीत कम्पनीबाट आधिकारिक रुपमा अनुमति लिएको हुनुपर्नेछ।

ख) कम्तीमा १ वर्ष देखि नेपालमा आधिकारिक सेवा गरेको।

१०. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने तथा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ।

११. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य थप कुरा बुझ्न आवश्यक परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१२. यस सूचनामा नभएका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ र तथा अन्य प्रचलित ऐन,
नियम,कानून अनुसार हुनेछ।

१३. प्याकेज १ र प्याकेज २ छुट्टाछुट्टै शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने छ।

| क्र.स. | दरभाउपत्र नं. | कामको विवरण | दरभाउपत्र खरिद दस्तुर रु. | शिलबन्दी दरभाउपत्र वापत जमानत रकम रु. | दरभाउपत्र खरीद गर्ने अन्तिम मिति | दरभाउपत्र खरीद विवरण |
|---|---|---|---|---|---|---|
| १ | (प्याकेज १) | CCTV जडान कार्य | रु. १०००।- | रु. २१०००।- | प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्त्र दिन भित्र ) | इजाजत प्राप्त,मुल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक उत्पादक कम्पनी, वा आधिकारिक बिक्रेताबाट खरिद तथा दरभाउ पत्र पेस गर्ने |

कार्यकारी अधिकृत